bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com

वर्ष ४१ अंक ७१ | २०७९ असार २१ गते मंगलबार, नेपाल सम्वत् ११४२ July 05, 2022 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# आँबुखैरेनीको धार्मिक पर्यटकीयस्थल आँधीमूल जाने सडक कालोपत्र

भञ्ज्याङ समाचारदाता/दमौली

आँबुखैरेनी गाउँपालिका-१ स्थित पर्यटकीयस्थल आँधीमूल जाने सडक कालोपत्र गरिएको छ। गाउँपालिकाकै प्रमुख पर्यटकीय धार्मिकस्थलका रूपमा रहेको आँधीमूलसम्म जाने सडक कालोपत्र गरिएको हो । पृथ्वीराजमार्गको एक हजार ७०० देखि साढे दुई किलोमिटरको दूरीमा आँधीमूल रहेको छ। हाल ९०० मिटर दूरीमा कालोपत्र सम्पन्न भएको आँबुखैरेनी गाउँपालिकाका इञ्जिनीयर पङ्कज चितौरे मगरले जानकारी दिए ।

गाउँपालिका र संघीय सरकारको रू एक करोड ३४ लाखको लागतमा कालोपत्र सम्पन्न भएको उहाँले बताउनुभयो । गत वर्षदेखि उक्त सडक कालोपत्रका लागि काम सुरू भएको थियो। नुवाकोटस्थित मेगा डेभलपमेन्ट कन्स्ट्रक्सन प्रालीले सडक कालोपत्रको ठेक्का पाएको थियो।

त्यहाँबाट आँधीमूलसम्मको बाँकी सडक कालोपत्रका लागि पनि ठेक्का लागेर काम भइरहेको इञ्जिनीयर मगरले बताए । उनले भने, 'बाँकी रहेको ठाउँमा पनि कालोपत्रका लागि ठेक्का लागेर काम सुरू भइसकेको छ, यही वर्षभित्र सडक कालोपत्र सम्पन्न हुन्छ ।'

गणेशकुण्ड विएम सिजल जेभीसँग कालोपत्र, ढलान र नाला निर्माणका लागि गत वैशाख १ गते सम्झौता भएको थियो। सम्झौता भएको एक वर्षभित्र काम सम्पन्न गर्नुपर्ने म्याद रहेको छ । रू तीन करोड आठ लाख २० हजार ३८० मा सडक कालोपत्रका लागि सम्झौता भएको छ ।

यसअघि कच्ची सडक हुँदा पनि आँधीमूलमा पर्यटकको भीड रहने गरेकामा सडक कालोपत्र भएपछि त्यो संख्या अझै बढ्ने विश्वास गरिएको छ । आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले सडक कालोपत्र सम्पन्न भएपछि आँधीमूलसम्म पुग्न पर्यटकलाई सहज हुने बताए ।

आँधीमूल पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास भइरहेको छ। आँधीमूलमा रहेको मन्दिर, २३ वटा धारालगायतले यहाँ आउने पर्यटकलाई लोभ्याउने गरेको छ। आँधीमूलमा ठूलो एकादशीका दिन पनि विशेष मेला लाग्ने गरेको छ। आँधीमूल मन्दिरको दर्शन गरे मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको पाइन्छ। आँधीमूलस्थल रमणीय भएकाले पूजाअर्चनाका साथै वनभोजका लागि मानिस टाढाटाढादेखि आउने गर्छन्। यो मन्दिरमा साउन महिना र औँसीबाहेकका सबै दिनमा पूजा हुने गर्छ। आँधीमूल देवीको मन्दिरमा परेवा उडाउने, बोका र कुखुरालाई बलि दिने प्रचलन पनि रहेको छ।

पर्यटकको चहलपहल बढ्न थालेसँगै यस ठाउँमा थप पूर्वाधार निर्माण गर्ने सोच राखिएको गाउँपालिकाले जनाएको छ । यस क्षेत्रको संरक्षण र विकासका लागि गाउँपालिकाले गत वर्ष तारबार लगाउनुका साथै हावाहुरी आउँदा र पानी परेको समयमा बस्न सहज बनाउने उद्देश्यले ट्रष्ट निर्माण गरेको छ ।

गाउँपालिकाले धार्मिक पर्यटकीय गन्तव्य आँधीमूलको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न लागेको छ । प्यागोडाशैलीको मन्दिर, पार्क, दुई पोखरी र माछाको आकृतिका २३ वटा धारालगायत संरचना रहेको आँधीमूलमा दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वासका कारण तनहुँ, कास्की, स्याङ्जालगायत विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेका छन् । कञ्चन पानी रहेको पोखरीमा पौडिरहने माछा यस तीर्थस्थलको प्रमुख आकर्षण हो । जलदेवताका रूपमा विश्वास गरिने यहाँका माछा मरेमा अनिवार्यरूपमा संस्कार (काजकिरिया) गर्नुपर्ने प्रचलनले यहाँको सांस्कृतिक महत्वलाई थप उजागर गरेको छ ।



प्राचीनकालदेखि नै यहाँस्थित रूखको फेदमा आँधीमूल बाराहीको पूजा गरिँदै आइएकोमा विसं २०३५ मा स्थानीय पाकुली परियारको विशेष सक्रियतामा मन्दिर निर्माण गरिएको थियो । परापूर्वकालदेखि नै हरिबोधनी एकादशीका दिन फूलको डोली ल्याएर विसर्जन गर्ने एवं मन्दिर परिसरमा तोरण टाङ्ने कार्य चलिआएको छ । जल, जंगल, जमिनलाई पुज्दै आएका स्थानीय मगर समुदायले खेतबारीमा बाली लगाउने र भित्र्याउने समयमा पनि पूजाआजा गर्ने गरेका छन् ।

मन्दिरका पुजारी युवराज मास्के मगरका अनुसार यहाँ दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वासका कारण पछिल्ला वर्षमा देशका विभिन्न भागबाट दर्शनार्थी आउनेक्रम बढ्दै गएको छ । गण्डकी प्रदेश सरकारले पनि प्रदेशमा रहेका ११० पर्यटकीय गन्तव्यमध्येमा आँधीमूललाई राख्दै यसको विकासका लागि पनि चासो दिएको छ ।

# ओमिक्रोन भेरियन्टको नयाँ प्रजाति फेला

रासस/काठमाडौं

नेपालमा पहिलो पटक कोरोना भाइरसको ओमिक्रोन भेरियन्टको नयाँ प्रजातिको फेला परेको छ । काभ्रेपलाञ्चोकस्थित धुलिखेल अस्पतालको प्रयोगशाला गरिएको अणुवाङ्शिक (जीन सिक्वेन्सिङ) अध्ययनमा ओमिक्रोन भेरियन्टको नयाँ प्रजाति फेला परेको इपिडिमियोलोजी तथा सरूवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले जानकारी दिनुभयो । उहाँका अनुसार देखिएको सङ्क्रमणमा ओमिक्रोन भेरियन्टको नयाँ प्रजाति (BA5Ú) हो । निर्देशक दासले नयाँ प्रजातिको भेरियन्टबारे अध्ययन गरिरहेको बताउनुभयो । "हामीलाई पनि हिजो धुलिखेल अस्पतालबाट ओमिक्रोनको नयाँ प्रजातिका बारेमा जानकारी प्राप्त भएको छ", उहाँले भन्नुभयो, "कुन बिरामीमा ओमिक्रोनको नयाँ प्रजाति भेटिएको भन्नेबारमा हामीले अध्ययन गरिरहेका छौँ ।"

नेपालमा यसभन्दाअघि ओमिक्रोनको BA2 प्रजातिको भेरियन्ट भेटिएको थियो । महाशाखाले पनि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा संक्रमित बिरामीको नमूनाको जीन सिक्वेन्सिङ अध्ययन गरिरहेको छ। निर्देशक डा दासले एक/दुई दिनमा काठमाडौंमा गरिएको जीन सिक्वेन्सिङबारे थाहा हुने बताउनुभयो । नेपालका केही दिनदेखियता यसको संक्रमण दर बढिरहेको छ ।



STUDY, WORK
& EARN
JAPAN
M.D. Rabin Adhikari
Free Processing, 100% Visa Sucess.
Pokhara Multipurpose Education HuB
Bandipur-1, Dumre, Tanahun, Ph. 065-580459, 9827136999

# शिक्षिकालाई बहुक्षेत्रीय पोषण कार्यक्रमको अभिमुखीकरण

भञ्ज्याङ समाचारदाता/भानु

तनहुँको भानु नगरपालिकाको स्वास्थ्य शाखाले बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धी एक दिवसीय अभिमुखीकरण कार्यक्रम गरेको छ। कार्यक्रम अन्तर्गत महिला किशोरीहरूका लागि आइरन चक्की वितरण सम्बन्धी सामुदायिक विद्यालयका महिला शिक्षकहरूका लागि उक्त अभिमुखीकरण गरिएको हो । अभिमुखीकरण कार्यक्रमको शुभारम्भ गर्दै नगरप्रमुख आनन्दराज त्रिपाठीले नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको बताउँदै बहुक्षेत्रीय कार्यक्रमबाट विशेषतः सुनौलो हजार दिनका महिला, बालबालिका तथा किशोरीहरू लाभान्वित हुने गरी यस कार्यक्रमलाई अगाडि बढाइएको जानकारी गराए ।



भानु नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख उपसचिव ध्रुवराज पौडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा नगर कार्यपालिका सदस्य रविन भुजेल, वडा नं ३ का वडा सदस्य अमित लामा, त्रिभुवन क्याम्पस मानेचौकाका प्रमुख रविन्द्र जोशी, पुरनडिही अस्पतालका मेडिकल अधिकृत, स्वास्थ्य शाखा प्रमुख ऐश्वर्यचन्द्र भट्टराई, जनस्वास्थ्य निरीक्षक शिवराज मिश्र, शिक्षा अधिकृत सरस्वती गुरूङ ढकाल लगायतले कार्यक्रमका विषयमा आ-आफ्ना धारणा व्यक्त गरेका थिए।

भानुका सामुदायिक विद्यालयमा कार्यरत ५० जना महिला शिक्षकहरूको सहभागिता रहेको अभिमुखीकरण कार्यक्रममा पुरनडिही नगर अस्पतालका मेडिकल अधिकृत र भानु नगरपालिकाका हेल्थ असिष्टेन्ट किरणबावु श्रेष्ठले सहजिकरण गरेका थिए ।

विशेष गरी १० देखि १९ वर्षका किशोरी तथा गर्भवती महिलाहरूमा देखिने रक्तअल्पताको समस्यालाई न्यूनीकरण गर्नका लागि नेपाल सरकारले वितरण गर्ने आइरन चक्कीको वितरण व्यवस्थापन र अभिलेखीकरणलाई व्यवस्थित गर्न स्थानीय स्वास्थ्य स्वयंसेविका तथा महिला शिक्षकहरूलाई परिचालन गर्ने कार्यक्रमको उद्देश्य रहेको छ।

# दश दिने भुजेल मातृभाषा साक्षरता कार्यक्रम सुरू

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको दमौलीमा दश दिने भुजेल मातृभाषा साक्षरता कार्यक्रम सुरू गरिएको छ । असार २९ गतेसम्म सञ्चालन हुने साक्षरता कार्यक्रमको शुभारम्भ गर्दै नेपाल आदिवासी जनजाती महासंघ जिल्ला कार्यसमिति तनहुँकी अध्यक्ष बसुन्धरा घर्तीले मातृ भाषा संरक्षण अहिलेको प्रमुख चुनौती बनेको चर्चा गरिन ।




भाषा, कला, संस्कृती हरेक समुदायको पहिचान भएको बताउँदै अध्यक्ष घर्तीले आफ्नो पहिचानको संरक्षण र प्रवर्द्धनमा हामी आफै जागरूक बन्न आग्रह गरिन ।

भुजेल समाज सेवा समिति तनहुँका अध्यक्ष तिर्थ बहादुर घर्तीको अध्यक्षतामा आयोजित कार्यक्रममा दुरा समाजका अध्यक्ष सुशीला दुरा, कुमाल समाजका अध्यक्ष आलोक कुमाल, रेशम भुजेल, गोपाल घर्ती, मुक्त बहादुर भुजेल लगायतले आ-आफ्ना विचार व्यक्त गरेका समाजका सचिव पृथ्वी भुजेलले जानकारी गराए ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।

# सम्पादकीय .........

www.bhanjyangnews.com

## सुस्तायो पर्यटन क्षेत्र

तनहुँ ग्रामीण पर्यटनको हब हो । पर्यटकीय गतिविधि मार्फत जिल्लालाई समृद्धि बनाउने लक्ष्यका साथ स्थानीय पालिकाहरूले सोही अनुसार पूर्वाधारहरू पनि तयार गर्दै गएका छन् । तर, कोभिड–१९ संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि भन्दै गरिएका बन्दाबन्दी जस्ता गतिविधिले थल परेको पर्यटकीय क्षेत्र अझै पूर्णरूपमा चलायमान बन्न सकेको छैन । कोरोना कहरको चपेटामा परेको तनहुँको पर्यटन क्षेत्र लयमा फर्कने प्रतिक्षामा छन् । पर्यटकीय स्थलहरूमा आन्तरिक पर्यटकहरूको चहलपहल बिस्तारै बढ्दै पनि जान थालेको छ । कोरोना संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि भन्दै गरिएको बन्दाबन्दी, निषेधाज्ञाले पर्यटन क्षेत्र पनि नराम्रोसंग थल पर्‍यो । अहिले कोरोना संक्रमण दर केही घट्दै गएको र खोपको दायार पनि बढ्दै गएपछि होटल तथा पर्यटन क्षेत्र खुल्दै गएका छन् । पर्यटकीय नगरी बन्दिपुर पनि कोरोनाको चपेटामा नराम्रोसंग पर्‍यो । कोरोना संक्रमण फैलिएसंगै बन्द भएका यहाँको पर्यटकीय गतिविधि विस्तारै लयमा फर्कन थालेका छन् । पाहुनाको स्वागतमा आतुर रहने बन्दिपुर करिब तीन वर्ष पूर्णरूपमै बन्द हुन पुग्यो । गत असार महिना यता निषेधाज्ञा खुकुलो भएपनि बन्दिपुरमा पर्यटक नपुग्दा निराश बनेका पर्यटन व्यवसायीहरू दसैं पर्वसंगै आन्तरिक पर्यटकको आगमनले उत्साहित बन्ने पनि त्यो उत्साहलाई पुनः कोरोना नयाँ भेरियन्ट सहितको संक्रमणले निराश बनायो । अहिले सबैको पहुँचामा कोरोना विरूद्धको खोप पुगेको र संक्रमण दर पनि घट्दै गएका कारण अब पर्यटकीय गतिविधि बढाउनुपर्ने व्यवसायीले आग्रह गर्दै आएका छन् । पहिलो चरणमा कोरोनाको जोखिम बढेपछि २०७६ चैत्रदेखि बन्दिपुरको पर्यटन सुस्ताएको थियो । गत वर्षको दसैंपछि बन्दिपुरको पर्यटन चलायमान हुँदैगर्दा दोस्रो लहरको कोरोना फैलिएर गत बैशाखदेखि फेरि बन्द हुन पुगेको थियो । पुनः तेश्रो लहरको कोरोनाले पर्यटन क्षेत्र थल पर्‍यो । बन्दिपुरमा पर्यटन लक्षित व्यवसायका लागि करोडौं रूपैयाँ लगानि भएको छ । होटल तथा भौतिक पूर्वाधारमा ठूलो लगानि गरेपनि कोरोना कहरको चपेटामा पर्दा बैंकको ऋण तिर्न नसकेको व्यवसायीहरूको गुनासो छ ।

सरकार तथा सरोकारवाला निकायले कर तथा बैंक ऋण चुक्ता गर्ने समयअवधि थप जस्ता सहुलियत दिए राहत पुग्ने व्यवसायीको माग छ । कोरोनाको प्रभावले बन्दिपुरको पर्यटन थला पर्दा व्यवसायीलाई बैंकको ऋण र घरभाडा तिर्न धौधौ भएको बताउँदै आएका छन् । बैंकको ऋण र घर भाडा तिर्न नसक्दा कतिपय होटल व्यवसायी पलायन पनि भएका छन् । पर्यटन क्षेत्रलाई सुरक्षित र सहज बनाउने योजनामा बन्दिपुर गाउँपालिकाले पनि आवश्यक छलपल गरी योजना बनाउँदै अगाडि बढेको बताउने गरेको छ । व्यवसायीहरूले कर छुटको माग गरेपनि आन्तरिक आम्दानी न्यून रहेका कारण त्यो सेवा दिन सकेको छैन । यस्तै, पर्यटक बढिरहेको समयमा बन्दिपुर कोरोनाबाट सुरक्षित भएको प्रचासप्रसार गरेर घुम्न आउनलाई निम्तो बाँढ्ने तयारीमा पनि बन्दिपुरेले योजना बनाएका छन्। बन्दिपुरमा साना ठुला गरी करिब ७० बढी होटल रेस्टुरेन्ट सञ्चालनमा छन् । आसपासका गाउँहरूमा आधादर्जन बढी होमस्टे सञ्चालनमा छन् । ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा रहेको तनहुँका पर्यटकीय स्थलहरूमा अहिले आन्तरिक पर्यटकहरूको चहलपहल बढ्दै गएको छ । गाउँगाउँमा सञ्चालित होमस्टेहरूमा पनि यतिबेला आन्तरिक पर्यटकहरू पुग्न थालेका छन् । तनहुँ प्राकृतिक, साँस्कृतिक, धार्मिक, ऐतिहासिक, साहित्यिक लगायत विविध आयमले भरिपूर्ण छ । यहाँ उच्च पहाडी क्षेत्रबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरि लगायतका हिमशृंखला तथा पहाडका मनमोहक तरेली अवलोकन गर्न पाइन्छ । परम्परागत संस्कार संस्कृति, स्थानीय उत्पादनका खानाका परिकार पर्यटकलाई लोभ्याउने गर्दछ । कोरोनाको संक्रमण दर कम हुँदै गएको र अवस्था सामान्य बन्दै गएकाले अबका दिन स्वास्थ्य सुरक्षालाई ख्याल गर्दै पर्यटकीय गतिविधि बढाउन तर्फ सबै लागि परौ ।


इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np


### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# पर्यटन पूर्ववत् अवस्थामा फर्कने आशामा पोखराको पर्यटन

*"कहीँ हिमाल मात्रै छन् कहीँ ता ताल मात्र छन् ।*
*कहीँ पहाड मात्रै छन् कहीँ मैदान मात्र छन् ॥*
*कहीँ छन् छहरा मात्रै पहरा कहीँ केवल नदी मात्रै कहीँ बग्छन् कहीँ छन् खाली जंगल ॥*
*सम्पूर्ण दिव्य शोभाले पूर्ण छैनन् कहीँ धरा तर सम्पूर्ण शोभाले परिपूर्णछ पोखरा ॥"*

कवि मुकुन्दशरण उपाध्यायको वर्णनात्मक काव्य प्राकृत पोखराको 'पोखरा' शीर्षकको कवितामा भनेजस्तै पोखरा आफैंमा सबै किसिमले पूर्ण सहर हो । गण्डकी प्रदेशको राजधानीसमेत रहेको प्राकृतिक सौन्दर्यताको खानी पोखरालाई पर्यटनको राजधानी घोषणा गर्नका लागि गण्डकी प्रदेश सरकार तथा पोखरा महानगरपालिकाले संघीय सरकारसँग माग गरिसकेका छन् । स्वदेशमा मात्र नभई विदेशमा पनि चासो र चर्चा कमाएको पोखराको प्रमुख आकर्षण भनेको पर्यटन नै हो । पर्यटन यहाँको प्रमुख व्यवसायका रूपमा स्थापित बनिसकेको छ । पर्यटनलाई लक्षित गरी पोखरामा ठूलो लगानी भइसकेको छ । कोरोना कहरका कारण शिथिल अवस्थामा पुगेको पर्यटनको विकल्प केवल पर्यटन नै हो भन्ने आत्मविश्वासका कारण ठूलै मारमा परेका यहाँका व्यवसायी आशा र विश्वासका साथ पर्यटनमा निरन्तर लागेका छन् । यसअघि सरकारले नेपाल भ्रमण वर्ष २०२० घोषणा गर्दा २० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्यका साथ भौतिक पूर्वाधारमा लगानी गर्न गरेको आग्रहलाई दृष्टिगत गरेर तत्कालीन समयमा उत्साहित बनेका यहाँका पर्यटन व्यवसायीले कोरोना पूर्वको बीचको समयमा पनि ठूलै लगानी गरे ।

गण्डकी प्रदेश सरकारको गण्डकी प्रदेश भ्रमण वर्ष जस्ता कार्यक्रमले पनि लगानी बढ्दै गएका अवस्थामा दुई वर्षयता देखिएको कोरोना कहरले भने यहाँका पर्यटन व्यवसायी नराम्रोसँग मारमा परेका छन् । कोरोनाले कतिपयलाई व्यवसाय नै परिवर्तन गर्नेतर्फ पनि सोच्न बाध्य बनायो। अधिकांशले कोरोनाविरूद्धको खोप लगाइसकेका अवस्थाका साथै पछिल्लो समयमा देखिएको पर्यटकको आगमनले पर्यटन व्यवसाय पूर्ववत् अवस्थामा फर्कने अपेक्षा गरिएको होटल एसियाका सञ्चालक धर्मराज पन्थीले बताउनुभयो । "आगामी दिनमा पर्यटन व्यवसाय पुनःफस्टाउने कुरामा हामी आशावादी छौँ", उहाँले भन्नुभयो, "यसबीचमा छिमेकी मुलुक भारत र देशकै विभिन्न स्थानबाट आएका पर्यटकका कारण यहाँको सम्भावना अझै छ भन्ने आत्मविश्वास जगाएको छ ।"

पोखरा दृश्यावलोकनसँगै साहसिक पर्यटनको पनि गन्तव्य हो । यहाँ सञ्चालन हुने प्याराग्लाइडिङ, बञ्जीजम्प, जीपलाइन आदिले स्वदेशी एवं विदेशी पर्यटकलाई लोभ्याउने गरेको छ । पोखराको आकाशमा फेवातालमाथि हावामा कावा खाँदै भरपुर मनोरञ्जन लिइने प्याराग्लाइडिङ होस् या यहाँ वरपर सञ्चालन भएका बञ्जीजम्प, जीपलाइन, स्वीङ आदिले पर्यटकलाई निकै आकर्षित गरेको छ । पछिल्लो समयमा विदेशी पर्यटक मात्र नभई आन्तरिक पर्यटक पनि साहसिक पर्यटनका गतिविधिमा आकर्षित बन्ने गरेको नेपाल हवाई खेलकूद संस्थाका अध्यक्ष कृष्ण भण्डारीले जानकारी दिनुभयो ।

वासुदेव पौडेल

पछिल्लो समयमा वर्षात् सुरू हुनुअघि प्याराग्लाइडिङमा देखिएको आकर्षणले आफूहरु उत्साहित बनेको उहाँले बताउनुभयो।

पोखरा महानगरपालिका–१८ स्थित सराङकोटको डाँडाबाट उडान भरेर फेवाताल किनारमा अवतरण गरिने प्याराग्लाइडिङमा युवादेखि वयस्कसम्मको रूचि रहने गरेको छ। पछिल्ला वर्षमा प्याराग्लाइडिङ मनोरञ्जनको साधनसँगै खेलकूद विधाका रूपमा स्थापित भएको छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगितामा प्याराग्लाइडिङलाई समावेश गर्ने गरिएको छ। पोखरामा ६० प्याराग्लाइडिङ कम्पनी सञ्चालनमा रहेका छन् भने ३५० हाराहारीमा नेपाली पाइलट छन् । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुनका लागि सराङकोटबाट गर्दै आइएको प्याराग्लाइडिङ सार्नुपर्ने कुराले भने आफूहरु चिन्तित बनेको उहाँले बताउनुभयो । पोखरामा साहसिक पर्यटनको आकर्षणका रूपमा रहेको प्याराग्लाइडिङबारे राम्रोसँग सोच्नु जरूरी रहेको उहाँको भनाइ छ ।

पोखरामा पर्यटक लक्षित होटल तथा पूर्वाधारसँगै सुविधा सम्पन्न सवारी साधन पनि रहेका छन् । नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरी पर्यटकलाई आवतजावत गराउने सुविधा सम्पन्न सवारीसाधन थपिनेक्रम पनि त्यहीअनुरूप बढेको नेपाल पर्यटन यातायात व्यवसायी संघ गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष बोबरजङ्ग गुरूङले बताउनुभयो । उहाँका अनुसार पोखराबाट हरियो नम्बर प्लेटमा चल्ने पर्यटक यातायातका सवारीसाधन रू ३५ लाखका कारदेखि सुविधा सम्पन्न रू डेढ दुई करोडसम्मका ल्यान्डक्रुजर, कोस्टर आदि छन् । स्वदेशी या विदेशी पर्यटक पोखरा र आसपासका पर्यटकीय गन्तव्य पुग्न सुविधासम्पन्न सवारीसाधन प्रयोग गर्ने गरेको उहाँले बताउनुभयो ।

नेपाल पर्यटन यातायात व्यवसायी सङ्घसँग हाल विभिन्न क्षमताका ४०० पर्यटक सवारीसाधन आबद्ध छन् । कोरोना कहरले लामो समयसम्म थन्कनु परेका पर्यटक यातायातका साधनले पछिल्ला समयमा भने काम पाउन थालेका छन् । गत चैतयता झण्डै साढे दुई महिनासम्म पोखरामा भारतीय पर्यटकको राम्रो आगमन भएको होटल एलेगेन्ट, गौरीघाट लेकसाइडका सञ्चालक समेत रहेका गुरूङले बताउनुभयो । "भारतीय पर्यटकको आगमनले पोखराको पर्यटनमा सकारात्मक संकेत दिएको छ", गुरूङले भन्नुभयो, "आगामी सेप्टेम्बरपछि पोखरामा विदेशी पर्यटकको राम्रो आगमन हुने आशा एवं विश्वास जगाएको छ ।"

पोखरामा नेपाली नयाँ वर्षका अवसरमा पनि आन्तरिक पर्यटकको राम्रै चहलपहल देखिएको थियो । पोखरामा पर्यटकको आकर्षणलाई कायमै राख्ने गरी यहाँका पर्यटन सम्बद्ध संस्थाले विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमलाई पनि निरन्तरता दिँदै आएका छन् । सबै मौसममा पोखरा भन्ने नारालाई चरितार्थ पार्न पोखरा पर्यटन परिषद्ले बर्सेनि असार १५ गते गर्दै आएको असारे रोपाइँ महोत्सव हालै सम्पन्न भएको छ । पोखराको हेम्जामा आयोजित महोत्सवमा स्वदेशी एवं विदेशी पर्यटकको उल्लेख्य उपस्थिति थियो।

एक साता घिसम्म छिमेकी मुलुक भारतबाट राम्रै सङ्ख्यामा पर्यटक भित्रिएको पश्चिमाञ्चल होटेल संघ (हान) पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो । कोरोनाका कारण लामो समयसम्म सुनसान बनेका यहाँका होटलमा भारतीय पर्यटकको आगमनले क्षमताको झण्डै ५० प्रतिशत होटल भरिभराउ भएको उहाँले जानकारी दिनुभयो। सुवेदीका अनुसार पोखरामा होटलमा मात्रै करिब रू पौने चार खर्ब बराबरको लगानी भैसकेको छ। पोखरामा पर्यटकस्तरीय होटलको संख्या एक हजार २०० को संख्यामा रहेको बताउँदै सुवेदीले लेकसाइड र ड्यामसाइड क्षेत्रमा मात्रै ७०० को संख्यामा होटल रहेको जानकारी दिनुभयो । उहाँका अनुसार पोखरामा पाँचतारे दुई वटा होटलसहित अन्य तारे होटलको सङ्ख्या १८ वटा रहेका छन् । पर्यटन व्यवसायीका अनुसार यसपटक नेपालको सीमा नजिकैको क्षेत्र उत्तर प्रदेश, विहारलगायतका क्षेत्रबाट ठूलै संख्यामा पर्यटक पोखरा आएका छन् । पोखरा आएका भारतीय पर्यटक यहाँको दृश्यावलोकनसँगै कतिपय मुक्तिनाथसम्म पुगेर फर्कने गरेको व्यवसायीले बताए ।

सन् १९६० देखि हिप्पी पर्यटकको आगमनबाट सुरू भएको पोखराको पर्यटनमा पछिल्ला वर्षमा पूर्वाधार थपिनेक्रम बढरहेको यहाँका व्यवसायी बताउँछन् । पूर्वाधार विकासकै क्रममा पछिल्ला समयमा पुम्दीकोटमा बनेको विशाल महादेव मूर्तिसहितका संरचना आदिले यहाँका गन्तव्यस्थलमा समेत वृद्धि भएको छ। पछिल्ला समयमा पोखराको सेदी-राङकोट केबुलकारसहित विभिन्न पूर्वाधारमा ठूलै लगानी भएको छ । हिमाल आरोहणको इतिहासमा पहिलोपटक सन् १९५० जुन ३ मा अन्नपूर्ण प्रथमको सफल आरोहण गरेको फ्रान्सेली नागरिक मौरिस हर्जोगको टोली आरोहणमा जाँदा र आउँदा त्यस टोलीका सदस्यको

बाँकी तेश्रो पेजमा



## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ। आम्दानी बढ्नेछ । विगतका कर्मको उचित प्रतिफल पाइनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
थोरै लगानीबाट धेरै नाफा उठाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन् । स्वास्थ्यमा पनि अलि कमजोरी अनुभूति हुनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
दाम्पत्य सुखमा रमाउने समय छ। निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्ने देखिन्छ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
धर्ममा श्रद्धा र परोपकारमा मन जानेछ । स्वास्थ्यमा कमजोरी देखिनाले चिताएको काम रोकिएला।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
सहयोग गर्नेहरु कमै भेटिनेछन्। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
परिस्थिति अलि प्रतिकूल रहला। पहिलेको निर्णय पुनर्विचार गर्नुपर्ने स्थिति आउन सक्छ ।



**राजमार्ग विस्तार :** पृथ्वी राजमार्ग अन्तर्गत तनहुँको बन्दिपुर गाउँपालिका–५ स्थित याम्पामा रिटेनिङ्ग वाल लगाउँदै मजदुर । पृथ्वी राजमार्गको पूर्वी खण्डमा सडक बिस्तार कार्यलाई तीब्रता दिइएको छ । *तस्विर : भञ्ज्याङ*

# बैंकमा पैसा राख्नेमा कुन जिल्लाका नागरिक अघि ?

**रमेश लम्साल**/काठमाडौं

बैंक तथा वित्तीय संस्थामा सबैभन्दा कम निक्षेप राख्ने जिल्लाका रूपमा रूकुमपूर्व देखिएको छ। आर्थिक विकासमा पछाडि परेको कान्छो जिल्लाका रूपमा रहेको सो जिल्लाको कूल निक्षेप ०.२३ प्रतिशत मात्रै रहेको छ। नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको चालु आर्थिक वर्षको लुम्बिनी प्रदेशको आर्थिक विवरण अनुसार सो जिल्लाका नागरिकले मात्रै रू ९३ करोड ७३ लाख बराबरको रकम मात्रै बैंक तथा वित्तीय संस्थामा निक्षेपका रूपमा राखेको पाइएको छ।

केन्द्रीय बैंकले सातवटै प्रदेशको आर्थिक अवस्थाका बारेमा नियमित विवरण सार्वजनिक गर्दै आएको छ। सोही क्रममा पछिल्लो पटक लुम्बिनी प्रदेशको विवरणसमेत प्रकाशित गरेको छ । बैंकका अनुसार बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कूल निक्षेप गत वर्षको तुलनामा न्यूनरूपमा मात्रै वृद्धि भएको छ । कूल रू चार खर्ब दुई अर्ब ८३ करोड ७६ लाख बराबरको निक्षेप सो प्रदेशभित्र रहेको पाइएको छ । विसं २०७८ असारको तुलनामा ९ प्रतिशतले निक्षेप बढेको छ । रूपन्देहीको हिस्सा सबैभन्दा बढी रहेको पाइएको छ । केन्द्रीय बैंकको विवरणअनुसार कूल ४४.४८ प्रतिशत बराबरको हिस्सा सो जिल्लाको छ ।

बुटवल, भैरहवालगायतका क्षेत्रमा औद्योगिक विकास भएको, गौतमबुद्ध विमानस्थलसमेत सञ्चालनमा आएको, उद्योग व्यवसाय विस्तार भएकाले सो जिल्लाका नागरिकको कमाई पनि बढ्दो छ । सोही कारणले गर्दा त्यस जिल्लाका नागरिकले बैंक तथा वित्तीय संस्थामा बढीमात्रामा निक्षेप जम्मा गरेका छन् । विवरणअनुसार सो जिल्लाका नागरिकले रू एक खर्ब ७९ अर्ब १८ करोड सात लाख ८० हजार बराबरको निक्षेप बैंक तथा वित्तीय संस्थामा राखेका छन् । बाँके जिल्लाको १२.२७ प्रतिशत बराबरको हिस्सा रहेको छ । त्यो भनेको कूल रू ४९ अर्ब ४१ करोड ४५ लाख २० हजार बराबर हो । दाङ जिल्ला आर्थिकरूपमा विकासको गतिमा अगाडि बढेको भए पनि त्यहाँका नागरिकले बैंक तथा वित्तीय संस्थामा राखेको निक्षेप भने कमै देखिएको छ। केन्द्रीय बैंकको विवरणअनुसार सो जिल्लाको हिस्सा मात्रै १०.८१ प्रतिशत बराबर छ। त्यो भनेको कूल रू ४३ अर्ब ५३ करोड ११ लाख ८० हजार बराबर रहेको छ ।

केन्द्रीय बैंकको विवरणअनुसार कपिलवस्तुको हिस्सा ६.३२ प्रतिशत रहेको छ । सो जिल्लाका नागरिकले रू २५ अर्ब ४४ करोड ३० लाख ४० हजार बराबरको निक्षेप बैंक तथा वित्तीय संस्थामा राखेका छन्। लुम्बिनी प्रदेशको पाल्पाको हिस्सा ५.७३ प्रतिशत मात्रै छ। त्यो भनेको कूल रू २३ अर्ब आठ करोड ९१ लाख ५० हजार बराबरको निक्षेप पाल्पावासीले बैंक तथा वित्तीय संस्थामा राखेका छन् । नवलपरासी पश्चिमको हिस्सा ५.५० प्रतिशत अर्थात् रू २२ अर्ब १३ करोड ८० लाख ४० हजार बराबरको रकम निक्षेपका रूपमा बैंक तथा वित्तीय संस्थामा राखेका छन्।

यसैगरी गुल्मीको हिस्सा ५.२९ प्रतिशत रहेको छ । त्यस जिल्लाका नागरिकले बैंक तथा वित्तीय संस्थामा रू २१ अर्ब ३० करोड ७९ लाख १० हजार बराबरको रकम निक्षेपका रूपमा राखेका छन् । कम निक्षेप राख्ने जिल्लामा क्रमशः अर्घाखाँची, बर्दिया, प्यूठान र रोल्पा रहेको केन्द्रीय बैंकको अध्ययनले देखाएको छ। अर्घाखाँचीको हिस्सा रू १२ अर्ब ५४ करोड ८६ लाख ३० हजार अर्थात् ३.१२ प्रतिशत बराबरको निक्षेप राखेका छन् । बर्दियाको रू १२ अर्ब ८७ करोड ७४ लाख ७९ हजार अर्थात् ३.२० प्रतिशत बराबर रकम मात्रै निक्षेपका रूपमा बैंक तथा वित्तीय संस्थामा जम्मा गरेका छन् । प्यूठानको रू सात अर्ब ७६ करोड ६६ लाख ३० हजार अर्थात् १.९३ प्रतिशत, रोल्पाको रू चार अर्ब ६० करोड ५६ लाख ७० हजार अर्थात् १.१४ प्रतिशत बराबरको रकम मात्रै निक्षेपका रूपमा बैंक तथा वित्तीय संस्थामा राखेका छन् । ऋण लिनेमा पनि रूपन्देहीका नागरिक नै अग्रस्थानमा छन् । सो जिल्लामा मात्रै प्रदेशको कूल १२ जिल्लामध्ये सबैभन्दा बढी ऋण लिएको पाइएको छ । केन्द्रीय बैंकको अध्ययनअनुसार सो जिल्लामा मात्रै ५०.१० प्रतिशत बराबरको ऋण लगानी भएको छ । सो जिल्लामा रू दुई खर्ब ६९ अर्ब १४ करोड १२ लाख १० हजार बराबरको ऋण लगानी भएको छ ।

दाङमा रू ६४ अर्ब २१ करोड ७९ लाख ७० हजार, बाँकेमा रू ८९ अर्ब ८२ करोड तीन लाख ७० हजार, बर्दियामा रू १६ अर्ब ४६ करोड ४३ लाख ३० हजार बराबरको ऋण लगानी भएको छ। निक्षेपसमेत कम राखेको रूकुमपूर्वमा बैंक तथा वित्तीय संस्थाको लगानी रू ६८ करोड ९० लाख सात हजार बराबर गरेका छन्। प्रदेशगतरूपमा हेर्दा बैंक तथा वित्तीय संस्थाले ०.१३ प्रतिशत बराबरको रकम मात्रै ऋणका रूपमा लगानी गरेको पाइएको छ । प्रदेशभर नै रू चार खर्ब दुई अर्ब ८३ करोड ७६ लाख बराबरको निक्षेप उठाएका बैंक तथा वित्तीय संस्थाले रू पाँच खर्ब ३७ अर्ब १९ करोड १४ लाख ९० हजार बराबरको ऋण लगानी गरेका छन् । रासस

**तालिका ५.२: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था**

| जिल्ला | कुल निक्षेप रु. दश लाखमा | कुल निक्षेपको अंश (प्रतिशतमा) | कुल कर्जा रु. दश लाखमा | कुल कर्जाको अंश (प्रतिशतमा) | कर्जा/निक्षेप अनुपात (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| रुकुम(पूर्व) | ९३७.३० | ०.२३ | ६८९.०७ | ०.१३ | ७३.५२ |
| रोल्पा | ४६०५.६७ | १.१४ | ३१९६.४२ | ०.६० | ६९.४० |
| प्यूठान | ७७६६.६३ | १.९३ | ६३७१.३१ | १.१९ | ८२.०३ |
| गल्मी | २१३०७.९१ | ५.२९ | ७१०८.७१ | १.३२ | ३३.३६ |
| अर्घाखाँची | १२५४८.६३ | ३.१२ | ३५६६.९९ | ०.६६ | २८.४३ |
| पाल्पा | २३०८९.१५ | ५.७३ | ११९७१.३७ | २.२३ | ५१.८५ |
| नवलपरासी प. | २२१३८.०४ | ५.५० | ३६६१६.५७ | ६.८२ | १६५.४० |
| **रुपन्देही** | १७९१८०.७८ | ४४.४८ | २६९१४१.२१ | ५०.१० | १५०.२१ |
| कपिलवस्तु | २५४४३.०४ | ६.३२ | २८०२७.१७ | ५.२२ | ११०.१६ |
| दाङ | ४३५३१.१८ | १०.८१ | ६४२१७.९७ | ११.९५ | १४७.५२ |
| बाँके | ४९४१४.५२ | १२.२७ | ८९८२०.३७ | १६.७२ | १८१.७७ |
| बर्दिया | १२८७४.७९ | ३.२० | १६४६४.३३ | ३.०६ | १२७.८८ |
| **लम्बिनी प्रदेश** | ४०२८३७.६४ | १००.०० | ५३७१९१.४९ | १००.०० | १३३.३५ |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

# पर्यटन पूर्ववत् अवस्थामा .....

पोखरामा बास भएसँगै यो क्रमशः पर्यटकीय गन्तव्यका रूपमा स्थापित बनेको हो। इतिहास अनुसार सन् १९६६ मा विश्व पदयात्री एरिक सिप्टनले अन्नपूर्ण आधार शिविरमा पदयात्रा गर्दा पनि उनीहरुले आउँदाजाँदा बस्ने ठाउँ पोखरा नै रोजेको र हिप्पी पर्यटकको आगमनपछि थालिएको पोखराको पर्यटकीय पूर्वाधार विकास सन् १९८० को दशकदेखि विस्तारै फस्टाउन थालेको हो ।

पोखराको पर्यटनमा यसअघि भूकम्प, नाकाबन्दी, हुदहुद (एक खालको हिमआँधी), अन्नपूर्ण क्षेत्रका हिमपहिरोजस्ता विभिन्न चुनौतीको सामना गर्नुपरेका अवस्थामा पछिल्लो समयमा कोरोना भाइरसले नराम्रोसँग प्रभाव पारेको नेपाल पर्यटन यातायात व्यवसायी संघ गण्डकी प्रदेशका अध्यक्ष बाबुराम पाण्डेले बताउनुभयो। कोरोनाले थलिएको पोखराको पर्यटन गत चुनावका आसपासको समय निकै राम्रो देखिएको बताउँदै होटल एडमायर पोखरा, गैरीखेतमार्गका सञ्चालक समेत रहेका पाण्डेले आगामी सेप्टम्बरपछि पोखराको पर्यटन पूर्ववत् अवस्थामा फर्कने अपेक्षा गरिएको बताउनुभयो ।

पोखरा आउने पर्यटकले फेवातालमा डुबुल्की मारेजस्तै देखिने माछापुच्छ्रे हिमालसहितको दृश्य अवलोकनसँगै आसपासका लेखनाथ क्षेत्रका बेगनास, रूपालगायतका तालतलैयाको अवलोकन गर्ने गरेका छन् ।

त्यस्तै सराङ्कोटबाट सूर्योदयको अवलोकनसँगै प्याराग्लाइडिङ, जिपलाइन आदि गर्ने गर्दछन् । पोखराका प्रसिद्ध धार्मिक पर्यटकीय तीर्थस्थल विन्दुवासिनी, तालबाराही, भद्रकाली आदिको दर्शनसँगै हालै पुम्दीकोटमा बनेको विशाल महादेव मूर्ति, विश्व शान्ति स्तुपसँगै काहुँ धरहरा आदिको अवलोकन गर्दछन्। पोखराका पातले छाँगो, गुप्तेश्वर महादेव गुफा, महेन्द्र गुफा, चमेरे गुफा आदि यहाँका पर्यटकीय आकर्षण रहेका हुन् ।

माछापुच्छ्रे, अन्नपूर्णलगायतका हिमश्रृंखलाको दृश्यावलोकनसँगै साहसिक पर्यटनमा रूचि राख्ने पर्यटकको रोजाइमा पोखरापर्ने गरेको छ । नयाँ वर्ष, चाडपर्व तथा लामो समयका बिदाका समयमा देशका विभिन्न भागबाट आन्तरिक पर्यटक दुई/चार दिन पोखरा बिताउन आउनेक्रम पछिल्ला वर्षमा बढेको पाइन्छ । पोखरालाई मुख्य आधार बनाएर गरिने अन्नपूर्ण चक्रीय पदमार्ग, मर्दी हिमाल, पुनहिल आदि स्थानमा पदयात्रामा जाने पर्यटकले आउँदाजाँदा यहाँ केही दिन बिताउने भएका कारण पनि पोखरा पर्यटकको रोजाइमा पर्ने गरेको छ । रासस

# बंगलादेशमा निरन्तर वर्षा र बाढी, १०० भन्दा बढीको मृत्यु

**रासस/सिन्ह्वा**/ढाका

बंगलादेशमा केही दिनदेखिको निरन्तर वर्षाका कारण बाढी आएको छ । बाढीका कारण यहाँका १०० जनाभन्दा बढीको ज्यान गएको बताइएको छ । यहाँका अधिकारीहरूले दिएको जानकारीअनुसार यहाँका ६४ ओटा जिल्ला बाढीका कारण प्रभावित भएका छन् । ती जिल्लामा गरी १०२ जनाको ज्यान गएको छ । अधिकारीहरूले दिएको समाचारमा गएको मे १७ देखि जुन २८ सम्म बंगलादेशमा देशव्यापी रूपमा वर्षा भएको थियो । त्यतिबेला नै अधिकांश मानिसको ज्यान गएको बताइएको थियो ।

यहाँका कतिपय जिल्लाहरूमा पछिल्ला दिनहरूमा पनि बाढीको प्रकोप जारी छ । यहाँ बाढीले ल्याएका सर्पले टोकेर, चट्याङ परेर र बाढीले बगाएर धेरैको ज्यान गएको बताइएको छ । बंगलादेशका स्वस्थ्य अधिकारीहरूले अहिले पनि यहाँका कतिपय स्थानमा बाढीको प्रकोप जारी रहेको र ठूलो संख्याका मानिसहरू विस्थापित भएका बताइएको छ ।

बाढी प्रभावितहरूको उद्धार र सहयोगका लागि ठूलो संख्यामा सहायताकर्मी र प्रहरी परिचालन गरिएको बताइएको छ। अघिल्लो हप्ताको बाढीले दर्जनौं स्थानका बाटो बगाइदिएको छ। यसका कारण मानिसलाई कैयौं जिल्लामा आवत जावत गर्न पनि कठिन भएको पाइएको छ । बिजुली र खानेपानीका संरचना पनि बाढीले भत्काइदिएको छ । ती संरचना निर्माणको काम भइरहेको अधिकारीहरूले बताएका छन् ।

यहाँका प्रकोप व्यवस्थापन सम्बन्धी मन्त्री इनामुर रहमानले सरकारले बाढी पीडितहरूको उद्धार गर्न र भत्किएका संरचनाहरू बनाउनका लागि ठूलो संख्यामा प्रहरी र उद्धारकर्मी परिचालन गरेको बताउनुभएको छ । उहाँले यस्तो आपतका समयमा सहयोग गर्न सबै नागरिकलाई आग्रह पनि गर्नुभएको छ । बंगलादशेका उत्तरी र उत्तरपूर्वी क्षेत्रका कैयौं जिल्लामा बाढी आएको हो ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
E-mail : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

हाम्रा उपलब्ध सेवाहरू :
१) डा. हेमन्त श्रेष्ठद्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ४) नेबुलाइजर (वाफ) सेवा ५) मुटुको इसिजि सेवा ६) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ७) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ८) अब्जरभेसन सेवा ९) गुणस्तरीय फार्मेसी सेवा
नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।
मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास–२, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२




दिप इन्टरप्राइजेज्
आँवुखैरेनी-३, तनहुँ (बजाज शो-रूम, उचित भवन) । सम्पर्क : ०६५-५४०५७६/५४०४८२

आल्मुनियमका झ्याल, ढोका, पाटेसन, रेलिङ्ग, फलसेलिङ्ग, गोल भर्‍याङ्ग, च्यानल गेट, सटर, ट्रस, कम्पाउण्ड गेट लगायत आल्मुनियम सम्बन्धी सम्पूर्ण सामानहरू होलसेमा चाहिएमा तथा काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
Ramesh Bhujel
Managing Director
9856075207, 9816657818
Dipendra Sharma
Marketing Manager
9864004846
S.B. Multipurpose & Enterprises Pvt.Ltd.
Bandipur-1, Dumre, Tanahun



वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
भञ्ज्याङ राष्ट्रिय दैनिक
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-563907
E-mail : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**धानको बीउ उखेल्दै किसान** : तनहुँको व्यास नगरपालिका-१ मा रोपाइँ गर्नका लागि धानको बीउ उखेल्दै किसान । जिल्लामा यतिबेला धमाधम रोपाइँ चलिरहेको छ । *तस्बिर : कृष्ण न्यौपाने/रासस*

facebook twitter



**भाग्यमानी**
twitter.com/Suchdifference
ज्ञानि संग जीतमा नाच्न र मूर्ख संग हारमा बाच्न म सिक्दछु । तिमी रूपैयाँमा तौलन्छौ साथी म विचार र नैतिकतामा बिक्दछु । दुखको रासमा किन डुब्दछौ तिमी म त्यही रासमा सुखको वाहाना फिक्दछु । गुलाफको सौन्दर्यतामा रमाउदै म त्यो कठोर काडा संग पाठ सिक्दछु ।



**मुखिया**
twitter.com/only_mukhiyaa2
भाग्य छ भन्दै भगवानको भरोसामा बसने हरूको भाग्य सुतेको हुन्छ, तेसैले तपाईं हिम्मतसंग केही गर्न उठनु भयो भने तपाईंको भाग्य पनि साथ साथै उठनेछ !



**उषा कार्की**
twitter.com/Ushakar45440973
हरेक मान्छेको आफ्नै इच्छा र चाहाना हुन्छ । कति सकारात्मक त कति नकारात्मक हुन्छ्न । नकारात्मक चाहानाले जिबनमा क्षणिक खुशी तथा फाइदा त प्राप्त गरिएला, तर भबिस्य भने त्यति राम्रो हुदैन । त्यसैले भोलिको जिबनको लागि सकारात्मक सोच सकारात्मक बिचार राखौ ।



**सुमित्रा नेपाल**
twitter.com/SuMuSUmI4
कहिले काहीँ सत्य अदृश्य भइदिदा झुट्ले नि विजया प्राप्त गर्नी मउका पाउछ तर अदृश्य सत्य दृश्यमा परिवर्तन भइ दिदा तेस्ता कयौं झुट्का विजयाहरू पनि फिका-फिका भइदिन्छ ।

# स्याम्पु आयातमा विदेशियो एक अर्ब

**रमेश लम्साल/नविन पौडेल**

विश्वमा नेपालीको पहिचान गहुँगोरो वर्णका रूपमा परिचित छ । कुनै समय नेपालीलाई खासै सौन्दर्यका सामान चाहिँदैन भनिन्थ्यो। तर भन्सार विभागको पछिल्लो तथ्याङ्कअनुसार नेपालीले राम्रो देखिनका लागि ठूलोमात्रामा रकम खर्च गरेको पाइएको छ । देशभित्र विदेशी मुद्राको सञ्चिती घट्दै गइरहेको विवरण हरेक दिनजसो चर्चाको केन्द्रमा छ। संसद्देखि नागरिकस्तरमा पनि यसबारेमा नियमितरूपमा चर्चा भइरहेको छ । नेपाल राष्ट्र बैंकले हरेक महिना सार्वजनिक गर्ने आर्थिक विवरणमा समेत विदेशी मुद्राको सञ्चिती घटेको देखाइन्छ । तर राम्रो देखिनका लागि आयात गरिएको सौन्दर्यका सामग्रीको मात्रा हरेक महिना वृद्धि भएको पाइएको छ ।

ती सामानको आयातमा मात्रै अर्बौं बराबरको रकम विदेशिएको छ । भन्सार विभागको तथ्याङ्कअनुसार ओठको शृंगारका सामग्रीको आयातमा मात्रै रू ३० करोड ८३ लाख ५१ हजार रकम बाहिरिएको छ । विशेषगरी महिलाले प्रयोग गर्ने लिपिस्टिक लगायतका सामग्रीको आयातमा उक्त परिमाणको रकम बाहिरिएको हो । स्वास्थ्यका दृष्टिले लिपिस्टिकको प्रयोगलाई राम्रो मानिँदैन। चालु आवको जेठ मसान्तसम्म कूल दुई लाख ३७ हजार ४२९ केजी बराबरको ओठ राम्रो बनाउने सौन्दर्यका सामग्री आयात भएको छ । ती सामग्रीको आयात गर्दा सरकारले रू ११ करोड ३७ लाख ७८ हजार राजस्व सङ्कलन गरेको छ । भारतबाट मात्रै रू १२ करोड ५९ लाख ५३ हजार मूल्य बराबरको करिब ४० हजार ७६३ केजी लिपिस्टिकलगायतका सामग्री आयात भएको छ ।

त्यस्तै चीनबाट एक लाख ९० हजार ६८७ केजी बराबरको सामग्री रू ११ करोड ६० लाख ४८ हजार मूल्यमा आयात भएको छ । यस्तै आँखाको शृङ्गारमा प्रयोग हुने सामानको आयातका लागिसमेत निकै रकम खर्च भएको छ । ती सामानको आयातका लागि २२ करोडभन्दा बढी रकम विदेशिएको छ । चालु आवको ११ महिनामा ९६ हजार ५३ केजी बराबरको त्यस्ता वस्तु आयात भएका छन् । जसका लागि रू २२ करोड ८१ लाख ९७ हजार बराबर रकम बाहिरिएको छ । यसबाट राज्यले रू आठ करोड ६४ लाख ६५ हजार राजस्व सङ्कलन गरेको छ । आँखा सजावटका सामान भारतबाट मात्रै रू १० करोड ५६ लाख २६ हजार मूल्य बराबरको कूल छ हजार ६२९ केजी परिमाणमा आयात भएको छ।

त्यस्तै चीनबाट रू छ करोड ९९ लाख २७ हजारमा ७८ हजार ३५३ केजी आयात भएका छन् । त्यस्ता वस्तु इटाली, कोरिया, लक्जम्वर्ग, अमेरिका, पोल्याण्ड लगायत देशबाट आयात हुने गरेको विभागले सार्वजनिक गरेको विवरणमा छ । त्यस्तै मेकअपका अर्को सामानका रूपमा रहेको क्रिम पाउडरको आयातमासमेत करोडौँ रकम खर्च हुने गरेको छ । विभागका अनुसार चालु आवको जेठ मसान्तसम्ममा रू ९३ करोड ४९ लाख ९६ हजारका क्रिम पाउडर आयात भएको छ जसबाट सरकारले रू ३५ करोड २९ लाख ८० हजार बराबरको राजस्व संकलन गरेको छ ।

यस अवधिमा विभिन्न मुलुकबाट चार लाख १७ हजार दुई केजी पाउडर खरिदका लागि रू २८ करोड ६६ लाख ४२ हजार मूल्य विदेशिएको छ । यो अवधिमा अनुहारमा लगाउने क्रिममात्रै रू ६४ करोड ८३ लाख ५५ हजार मूल्यमा दुई लाख ६२ हजार ७२५ केजी मुलुकमा भित्रिएको छ । विभागका अनुसार यस अवधिमा २४ हजार ४१८ लिटर नङमा लगाउने 'नेलपोलिस' आयात भएको छ । एघार महिनामा नेपालीले रू पाँच करोड नौ लाख २३ हजार मूल्य खर्च गरेर नेलपोलिस आयात गरेका छन् । मुख्यगरी त्यस्ता पोलिस चीन, भारत, कोरिया, क्यानडा लगायतका मुलुकबाट आयात हुने गरेको पाइएको छ । यस अवधिमा चीनबाट रू दुई करोड ५८ लाख ४१ हजार तथा भारतबाट रू दुई करोड ३९ लाख १८ हजार बराबरको नेलपोलिस आयात भएको छ ।




**४३ करोडभन्दा बढीको बडीलोसन**

विभागको विवरणअनुसार जेठ मसान्तसम्म रू ४३ करोड ५७ लाख ५२ हजार मूल्यमा पाँच लाख सात हजार ५८८ केजी लोसन आयात भएको छ । त्यसबाट सरकारले रू १६ करोड ३३ लाख ६४ हजार राजस्व संकलन गरेको छ। भारतबाट मात्रै रू ३१ करोड ४२ लाख ६८ हजार मूल्यमा दुई लाख ८४ हजार २०२ केजी बराबरको लोसन आयात भएको छ । त्यस्तै थाइल्यण्डबाट रू पाँच करोड ७६ लाख ४५ हजार, इन्डोनेशियाबाट रू दुई करोड ६२ लाख ३५ हजार मूल्य बराबरका लोसन आयात भएका छन् ।

महिलाले प्रयोग गर्ने सिन्दुरका आयातमा समेत लाखौँ खर्च हुने गरेको छ । एघार महिनामा रू ९८ लाख १५ हजार मूल्य बराबरको ४५ हजार ८०७ केजी सिन्दुर आयात भएको छ । सिन्दुर मुख्यगरी भारतबाट आयात हुने गरेको छ । विभागका अनुसार भारतबाट रू ९७ लाख ९२ हजार बराबरको सिन्दुर आयात भएको छ । त्यस्तै शृङ्गारका अन्य समानको आयातमा रू दुई अर्ब ८९ करोडभन्दा बढी रकम विदेशिएको छ ।

**स्याम्पु आयातमा एक अर्ब विदेशियो**

हामीले नुहाउँदा प्रयोग गर्ने स्याम्पु आयातमा अर्बौं विदेशिने गरेको विवरण सार्वजनिक भएको छ । चालु आवको ११ महिनामा रू एक अर्ब आठ करोड १० लाख ५४ हजार बराबरको रकम स्याम्पु आयातमा खर्च भएको छ । करिब ५७ लाख ८० हजार लिटर स्याम्पु आयातमा उक्त रकम विदेशिएको हो । स्याम्पुको आयातबाट सरकारले भने रू ४६ करोड ४७ लाख ९० हजार राजस्व जम्मा गरेको छ ।

यसैबीच कपाल रङ्गाउनकै लागि प्रयोग हुने सामग्रीको आयातमा रू ५० करोड ५१ लाख २९ हजार बराबरको रकम मुलुक बाहिर गएको छ । एघार महिनाका अवधिमा कूल सात लाख ५८ हजार ७२६ केजी यस्ता रङ आयात भएको छ भने कपालमा लगाउने क्रिमका लागि रू छ करोड १७ लाख ६६ हजार बराबरको रकम मुलुक बाहिर गएको छ । रासस

# भानुकप फुटबल प्रतियोगितामा ३१ टिमको सहभागिता

**भञ्ज्याङ समाचारदाता/भानु**

राष्ट्रिय विभुति आदिकवी भानुभक्त आचार्यको २०९औं जन्मजयन्तीको अवसरमा तनहुँको भानु नगरपालिका-१ भन्सारमा भानुकप फुटबल प्रतियोगिता सञ्चालन गरेको छ । भन्सार युवा परिवारले भानुजयन्तीका अवसरमा सोमबारबाट १५औं राष्ट्रिय खुल्ला नकआउट भानुकप फुटबल प्रतियोगिता सुरू गरेको हो । प्रतियोगिताको शुभारम्भ



गर्दै भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले भन्सार युवा परिवारले फुटबलको माध्यमले भानुजयन्तीलाई समेत निरन्तरता दिदै राष्ट्रिय विभूतिको स्मरणलाई संरक्षण जिवन्त पारेको बताए ।

उनले भने, 'म पनि यसै भन्सार बासीको नाताले साथै भानु नगरपालिका प्रमुखको हैसियतले कमसेकम भानुजयन्तीलाइ कुनै न कुनै कार्यक्रमका माध्यमले हर्सोल्लाको साथ मनाउनु पर्ने र आगामी दिनहरूमा सबै बौद्धिक बर्ग, संघसंस्थाहरूसँग आवश्यक समन्वय गरी अझै व्यवस्थित र भव्यरूपमा भानुभक्त आचार्यको योग्दानको स्मरण गर्नुपर्दछ ।'

असार २९ गतेसम्म संचालन हुने र हरेक वर्ष राष्ट्रिय विभुति आदिकवी भानुभक्त आचार्यको जन्मजयन्तीको अवसरमा भानुकप फुटबल तथा अन्य खेलकुद प्रतियोगिता आयोजना गर्ने गरेको प्रतियोगिताका प्रचार प्रसार संयोजक बिपिन श्रेष्ठले बताए ।

यस्तै, प्रतियोगिताको उद्घाटन खेलमा पुलजिप युवा क्लब आँबुखैरेनी-४ र ब्राइटफ्युचर युवा क्लब भानु-२ बीचको खेलमा ०-१ अन्तरले पुलजीप युवा क्लब विजयी भएको छ । प्रतियोगितामा ३१ टिमको सहभागी रहेका छन् ।

प्रतियोगितामा प्रथमलाई २ लाख रूपैयाँ, द्वितीयलाई १ लाख रूपैयाँ र तृतीयलाई २० हजार रूपैयाँ नगदसंगै मेडल, ट्रफी र प्रमाणपत्रद्वारा पुरस्कृत गरिने क्लबका अध्यक्ष अर्जुन श्रेष्ठले बताए । यस्तै, प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, अनुशासित टिम र हरेक खेलमा म्यान अफ द म्याचलाई बिशेष पुरस्कारले पुरस्कृत गरिने उनले बताए।

यसैगरी असार २९ गते हुने छेलो तर्फ प्रथम पुरस्कार रू ५ हजार र प्रमाणपत्र रहेको छ भने दर्ता शुल्क रू २०० रहेको छ । २९ गते नै हुने बाघचाल तर्फ प्रथम पुरस्कार रू ६ हजार र प्रमाणपत्र रहेको छ भने दर्ता शुल्क रू २०० रहेको छ । वि.स. २०५९ सालमा स्थापित उक्त युवा क्लबले हरेक वर्ष भानुजयन्तीका अवसरमा युवालाई लक्षित गर्दै फुटबल, छेलो, बुद्धिचाल लगायतका विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएको छ ।

# भिमादका एक सय बढी घरधुरी उच्च जोखिममा

**भञ्ज्याङ समाचारदाता/भिमाद**

जिल्लाको भिमाद नगरपालिका-५ र ६ का एक सयभन्दा बढी घरधुरी नदी कटानका उच्च जोखिममा रहेका छन् । भिमाद नगरपालिका-६ कुमार चोकमा सेती नदीका कारण करिब ८५ र भिमाद-५ अन्टेन खोलानजिक कपरादी दलित बस्तीका २२ घरधुरी जोखिममा परेका हुन् । वर्षायाममा खोला र नदीमा आएको बाढीले बस्ती क्षेत्र कटान गर्न थालेपछि जोखिम बढेको हो । अघिल्ला वर्षमा खोला र नदीमा आएको बाढीले कटान गरेको स्थानमा संरक्षण हुन नसक्दा पुनः वर्षायाम सुरू भएसँगै बस्ती क्षेत्रमा जोखिम बढ्न थालेको छ ।

सेती नदीले कटान गरेका कारण भिमाद-६ कुमार चोकका धेरै बासिन्दा विस्थापित हुने स्थितिमा पुगेका छन् । केही मानिस दिउँसो त्यही बसेर व्यापार गर्ने र साँझपख अन्यत्रै सुरक्षित स्थानमा गएर बस्दै आएको नगरपालिकाकी उपप्रमुख शारदा खनालले जानकारी दिनुभयो । नगरपालिकाको बजेटले मात्रै सम्बोधन गर्न नसकिने भएकोले नदी कटान नियन्त्रणका लागि आवश्यक पहल भइरहेको उहाँले बताउनुभयो । सेतीनदीको कटानका कारण जोखिम बनेको बस्ती जोगाउनको लागि डिपीआर गरिए पनि संरक्षण हुन सकेको छैन। उपप्रमुख खनालले भन्नुभयो, "बस्ती जोगाउन गण्डकी प्रदेश र संघीय सरकारसँग पनि समन्वय गरी अघि बढिरहेका छौँ ।"

त्यसैगरी भीमाद-५ का दलित बस्तीका करिब २२ घरधुरी जोगाउनका लागि अन्टेन खोलाले कटान गरेको स्थानमा पर्खाल लगाउने कार्य सुरू भइसकेको उहाँले जानकारी दिनुभयो । सेती नदीले कटान गरेको क्षेत्रमा नदीलाई छेकेर मर्निङ्ग पार्क बनाउने योजना रहेको नगरपालिका कार्यालयले जनाएको छ । हाल नदी घुमेको उक्त स्थानमा चेकड्याम निर्माण गरी बस्ती क्षेत्रलाई जोगाउने प्रयास भइरहेको बताइएको छ । बस्ती क्षेत्र संरक्षणका लागि जमिन तलबाट कंक्रिट ढलान निर्माण गर्नुपर्ने देखिएको र यसका लागि ठूलै बजेटको आवश्यक पर्ने नगरप्रमुख दधीराज सुवेदीले जानकारी दिनुभयो । नदीले भत्काउन नसक्ने गरी बस्ती संरक्षण गर्नुपर्ने देखिएकाले त्यसका लागि नगरपालिका सक्रियरूपमा लागि रहेको उहाँको भनाइ थियो ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४